**नेपाल राष्ट्र बैंक**

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

**पुराना यस बैंकलाई काम नलाग्ने सम्पत्ति (बालुवाटारको ब्लक “ए” अगाडि रहेको फलामका संरचना लगायतका सामान) सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गर्ने सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३/०१/३०

लिलाम सूचनाः अन्य सम्पत्ति/लिलाम/२०८२/८३-०१

यस बैंकका देहाय बमोजिमका पुराना काम नलाग्ने सम्पत्ति (बालुवाटार परिसरको ब्लक “ए” अगाडि रहेको फलामका संरचना लगायतका सर-सामानहरु) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गनुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरी १६ (सोह्रौं) दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समुह | सामानको विवरण | न्यूनतम मूल्य (मू.अ.कर सहित) | धरौटी रकम |
|---|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक बालुवाटारको ब्लक “ए” को ग्राउन्ड तला अगाडि रहेको फलामको संरचनामा प्रयोग भएको फलाम लगायतका सर सामानहरुः (I-Beam150, Channel Section MC 150*75, Channel Section MC 75*40*8 mm, Railing of Stair, Left Wing, Channel Section MC 75*40*8 mm, Sorting Room, Extra Stair, Left Wing) | **रु.३,१७,०३५।९७** | कबोल रकमको ५ प्रतिशतमा नघटाई (मू.अ.कर सहित |
| | **जम्मा** | **रु.३,१७,०३५।९७** | |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :

(क) स्थान : सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार

(ख) समय : दिनको १:०० बजे

(ग) मिति : २०८३/०२/१४

(२) बोलपत्रसाथ बोलपत्र जमानत वापत आफुले कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिङ्ग विभाग, थापाथली, काठमाडौंमा रहेको खाता **नं. ११०९९०१-०११-२०३-५२४** मा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले ३० दिन मान्य अवधि रहेको यस बैंकको नाममा जारी भएको बैंक जमानत (शर्त रहित) समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु.५,००।०० (रु.पाँच सय मात्र) (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग विभाग बालुवाटारमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर बुझाई यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान ९:०० बजेदेखि दिउसो ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग-स्टोर शाखा **(सम्पर्क नं.५७१९६४१/४२/४३ (Ext.११७०/२३७०)** मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थाई लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

कार्यकारी निर्देशक

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैंक**